आज मिति २०८१/०६/१२ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८१/०८२ को छैठौं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी वुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | गिर बहादुर सेजुवाल | सचिव | |
| | | आमन्त्रित | |
| १५. | अनिल आचार्य | प्र. इन्जी. | |
| १६. | शंकर प्रसाद घिमिरे | लेखापाल | |
| १७. | | | |

कार्यपालिका बैठक, मिति: २०८१/०८/१२

बैठक संख्या:६

## छैठौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णहरु

प्रस्तावहरु:

१. आ.व २०८०/०८१ को बेरुजु सम्बन्धमा ।

२. विविध विषयहरु

निर्णयहरु:

१. मल्लरानी गाउँपालिकाको आ व २०८०/०८१ को अन्तिम लेखापरीक्षणवाट औल्याईएको बेरुजु आवश्यक प्रमाण सहित नियमितको लागि गाउँसभामा पेश गर्न लेखा समितिलाई अनुरोध गर्ने ।

२. तपसिलका विविध विषयहरु:

- मल्लरानी गाउँपालिका वडा नं ४ निवासी तेमा रानालाई रु १० हजार आर्थिक सहयोग उपलव्ध गराउने ।
- मल्लरानी गा पा वडा नं १ को एकादसी मेलामा लागेको खर्च रकम कार्यक्रम खर्चवाट उपलव्ध गराउने ।
- युथ स्टार क्लव चौरपानीलाई क्रिकेट कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि रु १० हजार आर्थिक सहयोग उपलव्ध गराउने ।
- सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म प्यूठानलाई स्वयंसेवक उद्धारकर्मी विपद् प्रतिकार्य तालिम संचालनको लागि गाउँपालिकावाट सहभागि खटाउदा लाग्ने खर्च रु अठार हजार एक सय सतसठ्ठी मात्र उपलव्ध गराउने ।
- अपाङ्ग दिवस कार्यक्रम संचालनको लागि मल्लरानी गाउँपालिका वडा नं २ र ३ को लागि २०-२० हजार रुपैयाँको दरले कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी दिने ।
- मल्लरानी गाउँपालिका वडा नं १ निवासी लाले सार्कीको आर्थिक अवस्था रहेकोले उपचारको लागि रु ८०००। आठ हजार आर्थिक सहयोग उपलव्ध गराउने ।